१२८. **लेखापरीक्षण** – जिल्ला विकास समिति, सुर्खेत र डासु/डानिडाबीच २६ मार्च, १९९९ मा भएको सम्झौता अनुसार हालसम्म डासुबाट रु.६ करोड ६५ लाख ८५ हजार प्राप्त गरेको छ । उक्त रकमको लेखापरीक्षण स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ अनुसार जिल्ला विकास समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुने व्यवस्था रहेकोमा दर्तावाला लेखापरीक्षकबाट गराएको छ ।

- **स्थानीय विकास कोष** –

१२९. **व्याज** – स्थानीय विकास कोष विनियमावली, २०५६ को विनियम ७(थ) बमोजिम कोषले सामुदायिक संस्थालाई अधिकतम १० प्रतिशत वार्षिक व्याजदर कायम गरी ऋणपूँजी लगानी गर्नसक्ने व्यवस्थाबमोजिम रु.२२ लाख ७१ हजार ऋण लगानी गरेको छ । तर चालु वर्ष ऋण लगानीबाट व्याज आम्दानी भएको छैन ।

१३०. **तालिम** – स्थानीय विकास कोष मार्फत जिल्ला पशुसेवा कार्यालय, सुर्खेतले ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता तालिम सञ्चालन गर्न पेश्की लिएकोमा कार्यक्रममा नपरेको सीपमूलक कार्यक्रमको रु.१ लाख खर्चको विवरण समेत समावेश गरी रु.२ लाख २१ हजार फछ्र्यौट गरेको छ ।